**निर्णय नं.१**

प्रस्ताव नं.१ मा छलफल गर्दा स्थानिय तहको आर्थिक ऐन २०७४ बमोजिम गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्यन गर्न बनेको ऐन लाई स्वीकृतिका लागी गाउँ कार्यपालिका पेश गर्ने गरी कर र गाउँपालिकाको आर्थिक बर्ष २०७४।०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यावन्यन गर्नका निमित्त स्थानिय कर तथा शुल्क संकलन गर्ने तथा आय संकलनको प्रशानिक ब्यबस्था गर्न तपसिल बमोजिम कर र दायरा प्रस्ताव गरिएको छ ।

**१. सम्पत्ति कर :–**

गाउपालिका क्षेत्र भित्र आगामी आ.ब.देखि आर्थिक कार्यविधी बमोजिम एकिकृत सम्पत्ति कर/ घरजग्गा कर लगाईने छ ।

**२. भुमि कर ( मालपोत ):–**

गाउँपालिका क्षेत्र भित्र तपसील बमोजिम भुमि कर  लगाईने र असुल उपर गरिने छ ।

| **जग्गाको बिबरण** | **रकम प्रति कठ्ठा रु** | **कैफियत** |
|---|---|---|
| २ विगाह सम्म | चार रुपैयाँ | |
| २ विगाहा माथी | पाच रुपैयाँ | |

**३. घर जग्गा बहाल कर :–**

गाउपालिका भित्र कुनै व्यक्ति वा संस्थाले भवन,घर,पसल,ग्यारेज,गोदाम,टहरा, छप्पर,जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा तपसील बमोजिम घरजग्गा बहाल कर लगाईने र असुल गरिने छ ।

| **घर जग्गा बहाल कर** | **बहाल घरको ५ प्रतिशत कर** |
|---|---|

**४. व्यवसाय कर :–**

गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूजिगत लगानी र आर्थिक कारोबारका आधारमा तपसील बमोजिम व्यवसाय कर लागाईने र असुल उपर गरिने छ ।

| **व्यवसायको विवरण** | **रकम (वार्षिक)** | **कैफियत** |
|---|---|---|
| पान पसल | रु.५० पचास | |
| चियापसल | रु.५० पचास | |
| किराना पसल | रु.१०० एक सय | |

| | | |
|---|---|---|
| मिठाई पसल | रु.१०० एक सय | |
| होटल | रु.१५० एक सय पचास | |
| मदिरा पसल | रु.२०० दुई सय | |
| गल्ला पसल | रु.२०० दुई सय | |
| चिया नास्ता | रु.१०० एक सय | |
| कटेज | रु.२०० दुई सय | |
| इन्धन भण्डारण र विक्री डिपो / प्रेट्रोल डिपो | रु.५००० पाँच हजार | |
| उद्योग कल कारखाना | रु.१०००० दश हजार | |
| मदिराजन्य उधोग | रु.२५००० पच्चीस हजार | |
| क्रसर उधोग | रु.१०००० दश हजार | |
| ईट्टा भट्ठा | रु.१०००० दश हजार | |
| भुसी भट्ठा | रु.२००० दुई हजार | |
| औषधी पसल | रु.२०० दुई सय | |
| आयुर्वेद पसल | रु.१०० एक सय | |
| स्टेशनरी | रु.२०० दुई सय | |
| व्युटी पार्लर | रु.१०० एक सय | |
| एग्रोभेट | रु.१०० एक सय | |
| साइकिल मर्मत | रु.१०० एक सय | |
| मोटर साइकिल ग्यारेज | रु.१५० एक सय पचास | |
| मासु पसल | १५० एक सय पचास | |
| सैलुन | १०० एक सय | |
| कुखुरा फार्म | रु.५०० पाँच सय | |

| | | |
|---|---|---|
| कानुन व्यवसायी / कन्सलटेन्सी | रु.१५० एक सय पचास | |
| पशु चौपायहरु ओसार पसार | रु.२५ पच्चीस | प्रतिजीउ |
| बैक तथा वित्तीय संस्था | रु.२०० दुई सय | |
| सहकारी संस्था | रु.१०० एक सय | |

**५. जडिबुटी,कवाडी कर :–**

गाउपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन,खोटो, जडिबुटी, बनकस, कवाडि माल र प्रचलित कानुनले निषेध गरिएका बस्तुहरु बाहेका बस्तुको व्यवसायीक कारोबार गरे वापत तपसील बमोजिमको कर लगाईने र असुल उपर गरिने छ ।

| | |
|---|---|
| **जडिबुटी,कवाडी कर** | रु.दूई सय २०० |

**६. सवारी साधन कर :–**

गाउपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा तपसील बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिने छ । तर प्रदेश कानुन स्वीकृत भै कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

| **सवारी साधनको नाम** | **रकम (वार्षिक)** | **कैफियत** |
|---|---|---|
| कार जीप | ५०० पाँच सय | |
| ट्रेक्टर | २०० रु.दूई सय | |
| बस | १००० एक हजार | |
| ट्रक | १००० एक हजार | |
| स्काभेटर | १००० एक हजार | |
| आटो रिक्सा | ३०० तिन सय | |

**७. बिज्ञापन कर :–**

गाउपालिका क्षेत्रभित्र हुने बिज्ञापनमा तपसील बमोजिम बिज्ञापन कर लगाईने र असुल उपर गरिने छ । तर प्रदेश कानुन स्वीकृत भै कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

तपसिल

| **किसिम** | रकम |
|---|---|
| **विज्ञापन कर ठुलोमा** | २०० रु.दूई सय |
| **विज्ञापन कर सानोमा** | १०० एक सय |

**८. मनोरन्जन कर :–**

गाउपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा तपसील बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिने छ । तर प्रदेश कानुन स्वीकृत भै कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

| | |
|---|---|
| **मनोरन्जन कर** | २०० रु.दूई सय |

**९. बहाल बिटौरी शुल्क :–**

गाउपालिक क्षेत्रभित्र आफुले निर्माण रेखदेख वा संचालन गरेका मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही बमोजिम भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१०. पार्किङ्ग शुल्क :–**

गाउपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पाकिङ्ग सुबिधा उपलब्ध गराए वापत बमोजिम पार्किङ्ग शुल्क लागाईने र असुल उपर गरिनेछ ।

| | |
|---|---|
| पार्किङ्ग शुल्क | रु ५ प्रति पटक |

११. **ट्रेकिङ्ग, कोयोकिड,क्यानोइङ्ग बन्जी जम्पिङ्ग, जिपफलायर र ऱ्याप्टीङ्ग शुल्क :–**

गाउपालिका क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड,क्यानोइङ्ग बन्जी जम्पिङ्ग, जिपफलायर र ऱ्याप्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवापत शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१२. सेवा शुल्क दस्तुरः–**

गाउपालिकाले निर्माण संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोहीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

**१३. पर्यटन शुल्क :–** गाउपालिकाले आफनो क्षेत्रभित्र प्रबेश गर्ने पर्यटकहल्बाट पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भै कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

**१४. कृर्षि जन्य पदार्थ ठेक्का :–**

गाउपालिका बाट बाहिर निकासी हुने पदार्थहरु जस्तै बदाम,धानको भुस,तोरिको पिना,गहु,मकै,धान,भटमास,मास,दहलनमा पर्ने मसुराको दाल मासको दाल आदी बस्तुहरुमा उठाईने कर असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भै कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

| | |
|---|---|
| **कृर्षि जन्य पदार्थ ठेक्का** | १०० एक सय |

**१५. घाट उत्राही ठेक्का :–**

गाउपालीकाले आफनो क्षेत्र भित्र पर्ने घाट उत्राही कर गाउपालीकाले असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भै कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

**१६. पशु जन्य ठेक्का :–**

गाउपालीकाको आफनो क्षेत्र भित्र पर्ने पशु जन्य हाड सिंग खुर प्वाख प्रचलित कानुनले निषेध गरिएका जीवजन्तु बाहेक अन्य मृत वा मारिएका जीवजन्तुका हाड,सिंङ्ग,प्वाख,छाला,जस्ता बस्तुको गाउपालीकाबाट असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भै कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

**१७. कर छुट :–**

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१८. कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि :–**

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि गाउपालिकाले तोके अनुसार हुनेछ ।

१९. प्राबिधिक शिक्षालय तथा वोडिङ्ग स्कुल स्थापनार्थ प्राप्त **शुल्क : १००० (एक हजार)**

**२० .कान्जीहाउस ठेक्का :– ठेक्का बमोजिम**

**२१ .हात हतियार खरखजाना शुल्क र जरिवाना**

**तपसिल**

| | | |
|---|---|---|
| बन्दुक नवीकरण १ जिल्ला भएको | वार्षिक १०० एक सय | दस्तुरको दोब्बर जरीवाना |
| बन्दुक नवीकरण अधिराज्य भरीको | वार्षिक २०० दुई सय | |

**२२. उधोग तथा कलकारखाना दर्ता शुल्क र बार्षिक कर**

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि गाउपालिकाले तोके अनुसार हुनेछ ।

**२३. मदिरा उधोग संचालन को लागि सिफारिस दस्तुर र बार्षिक कर**

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि गाउपालिकाले तोके अनुसार हुनेछ ।

**२४.रुख कटान तथा मुछान**

(क) सामुदायिक बनबाट रुख कटान मुछान बाट प्राप्त हुने शुल्क : प्रति रुख रु.५०। रु.पचास

(ख) ब्यक्तीगत जग्गामा लगाईएका को रुख कटान तथा मुछान प्रति रुख रु.१०० एक सय तथा रुख अनुसार पनि थप दस्तुर लाग्ने छ ।

२५.इन्धन डिपो : कुनै पनि ब्यक्ती वा संगठीत संस्थाले इन्धन डिपो राख्न खोल्ने इजाजत दस्तुर रु. ५००० पाँच हजार दस्तुर लाग्ने छ ।

२६ दुग्ध डेरी संचालन दस्तुर : कुनै पनि ब्यक्ती वा संगठीत संस्थाले दुग्ध डेरी संचालनको लागि सिफारीस दस्तुर रु. ५०० पाँच सय दस्तुर लाग्ने छ ।

२७. खरबजारी ठेक्का :– गाउ कार्य पालिकाको निर्णय अनुसार ठेक्का भए बमोजिमको दस्तुर लिईने छ

२८ . सवारी साधन दर्ता दस्तुर : सवारी साधन दर्ता एवं अनुमती दस्तुर देहाय बमोजीमको लाग्ने छ ।

| सवारी साधनको नाम | रकम (वार्षिक) | कैफियत |
|---|---|---|
| ई रिक्सा | ५०० पाँच सय | |
| रिक्सा | २०० दुई सय | |

२९ . उधोग तथा कलकारखाना : उधोग तथा कलकारखाना दर्ता शुल्क तथा बार्षिक कर रु. १००० एक हजार । दस्तुर लाग्ने छ ।

३०.खाद्य उद्योग : खाद्य उद्योग संग सम्बन्धित कारखाना रु.५०० पाँच सय दस्तुर लाग्ने छ ।

३१ .काष्ठ उद्योग : काष्ठ उद्योग कारखाना रु.१००० एक हजार दस्तुर लाग्ने छ ।

३२.ईट्टा भट्टा संचालन : ईट्टा भट्टा संचालन इजाजत पत्रका लागि सिफारिस दस्तुर रु.५००० पाँच हजार दस्तुर लाग्ने छ ।

**३३.भु उपयोग कर :–**

सरकारी प्रति र ऐलानी जग्गाका सम्बन्धमा संबिधान कानुन र भुमी सम्बन्धि ऐनमा तोकिय बाहेक गाउपालिकामा रहेका तत् जग्गा उपयोग गरेवापत गाउँ पालिकाले उक्त जग्गाहरु को पहिचान गरी जग्गाको प्रकृति हेरी लिज वा ठेक्का र बार्षिक कर लगाउन सक्ने छ । यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधि गाउपालिकाले तोके अनुसार हुनेछ ।

**३४. सडक उपयोग शुल्क/दस्तुर :–**

यस गाउपालिका भित्र रहेको बिभिन्न सडक बाट तपसिलका प्राकृतिक श्रोत निकासी गरेवापत सडक उपयोग शुल्क/दस्तुर लगाईने छ ।

(१) गिट्टी/बालुवा/मोरङः- प्रति ट्रक/टिप्पर रु.४००। प्रति टयाक्टर ट्राली रु.२००। प्रति गाडा/ डनलप रु.५०।

(२) माटोः- प्रति ट्रक/टिप्पर रु.२००। प्रति टयाक्टर ट्राली रु.१००। प्रति गाडा/ डनलप रु.२५।

(३) वनस्पति जन्यः- प्रति ट्रक/टिप्पर रु.२००। प्रति टयाक्टर ट्राली रु.१००। प्रति गाडा/ डनलप रु.२५।

(४) कृषी जन्यः- प्रति ट्रक/टिप्पर रु.१००। प्रति टयाक्टर ट्राली रु.५०। प्रति गाडा/ डनलप रु.२५। तर कृषी जन्य उत्पादनको स्थानिय कृषकहरुबाट बिक्तीको लागी सडक उपयोग गरे वापत कुनै दस्तुर लाग्ने छैन ।

**३५.घर नक्सा पास**

| | |
|---|---|
| घर जग्गा नक्सा | रु.२००० दुई हजार |

**३६ दस्तुर :–**

**घरबाटो प्रमाणित गरे वापत देहाय बमोजीमको दस्तुर लाग्ने छ ।**

| सि.नं. | बिबरण | रकम |
|---|---|---|
| १ | घर बाटो दुबै नभएको सिफारिस | रु.एक सय |
| २ | कच्ची सडक छोएकोमा सिफारिस | रु.दुई सय |
| ३ | ग्राभेल सडकले छोएकोमा सिफारिस | रु.दुई सय पचास |

| | | |
|---|---|---|
| ४ | पक्की सडकले छोएकोमा सिफारिस | रु.तिन सय |
| ५ | घरको मुल्याङ्कन परल मुल्यको | ०.५ % |

**नाता प्रमाणित**

| सि.नं. | बिबरण | रकम |
|---|---|---|
| १ | सर्जिमन नगरी | रु.एक सय दश |
| २ | सर्जिमन गरी | रु.दुई सय पचास |

**चार किल्ला प्रमाणित**

| सि.नं. | बिबरण | रकम |
|---|---|---|
| १ | बैक र अन्य प्रयोजन | रु.एक सय दश |
| २ | साना ब्यबशाय र कुटिर उधोग | रु.एक हजार |
| ३ | इट्टा भट्टा र ठुला उधोग | रु.पाच हजार |

**दस्तुर**

| सि.नं. | बिबरण | रकम |
|---|---|---|
| १ | निबेदन | रु.दश |
| २ | नागरिकता सिफारिस नयाँ | रु.पचास |
| | नागरिकता सिफारिस प्रतिलिपि | रु.साठी |
| ३ | फिराद पत्र /प्रतिउत्तर पत्र/उजुरी निवेदन/लिखित जवाफ | रु.पचास |
| ४ | अन्य सिफारिस | रु.एक सय |
| ५ | जग्गा नामसारी | रु.दुई सय पचास |

| | | |
|---|---|---|
| ६ | मोहि सिफारिस,लगत कट्टा | रु.दुई सय |
| ७ | घरबास मिनाह सिफारिस | रु.तिन सय |
| ८ | सर्जिमिन दस्तुर | रु.दुई सय पचास |
| ९ | साना ब्यबशाय र कुटिर उधोग संचालन | रु.एक हजार |
| ११ | नक्कल प्रमाणित | रु.तिन |
| १२ | राँगा गोरु सिफारीस | रु.पचास |
| १३ | ब्यक्तिगत घटना दर्ता म्याद नाघेको जरिवाना /( प्रतिलिपी) | रु.पचास |
| १४ | बिधुत मिटर जडान | रु.पचहत्तर |
| १५ | रिक्सा नविकरण | रु.पचास |
| १६ | कान्जीहाउस प्रति दिन | रु.पचास |
| १७ | पुरानो काठ चिरानको सिफारिस दस्तुर | रु.एक सय |

**रुख कटान सिफारीस दस्तुर**

| सि.नं. | बिबरण | रकम |
|---|---|---|
| १ | आँप महुवा,सिसम,बरगद,अन्य समतको कटान ५ फिट भन्दा मोटो भएमा प्रति रुख | रु. तिन सय |
| २ | आँप महुवा,सिसम,बरगद,अन्य समतको कटान ५ फिट भन्दा सानो भएमा प्रति रुख | रु.दुई सय |
| ३ | बबुरा कलप्टिस | रु.पचास |
| ४ | सागुवन | रु.दुई सय |
| ५ | पापलर | रु.पचास |
| ६ | कुकाठ | रु.एक सय पचास |
| ७ | नर्सरी भित्र लगाएको बिभिन्न बिभिन्न रुखको कटान प्रति कट्टा | रु.पाच सय |

**३७.कर छुट** :

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

३८.कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि :

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिका/नगरपालिका तोके अनुसार हुनेछ ।

३९.विविधः

(क)यस ऐन मा उल्लेख भएको बाहेक अन्य परिस्थितीमा गाउ कार्यपालिकाको निर्णय बमोजिम प्रचलित नेपाल कानून संग नबाझिने गरि कर लगाउन र छुट दिन सकिने छ ।

(ख) यो ऐन प्रारम्भ हुनु अगावै डुडुवा गाँउ कार्यपालिकाबाट भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

**कुल प्रस्तावित आन्तरीक आम्दानी : ५६३०००।-**